काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २३९ ❐ बिहीवार, २८ जेठ, २०८३ ❐ Thursday, 11 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

बजेट निर्माण प्रक्रियामै छुटाइन्छन् मुद्दा

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २७ जेठ

कर्णाली प्रदेश सरकारदेखि यहाँका स्थानीय तहहरू आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा व्यस्त छन् । तर संविधान र कानुनले सुनिश्चित गरेको सहभागितामूलक योजना निर्माणको अभ्यास अझै प्रभावकारी बन्न सकेको छैन ।

महिला तथा दलित जनप्रतिनिधिहरूले बजेट निर्माणका महत्वपूर्ण चरणमै आफूहरूलाई बेवास्ता गर्ने गरिएको गुनासो गरेका छन् । डोल्पाको डोल्पोबुद्ध गाउँपालिका-२ की महिला वडा सदस्यका अनुसार योजना छनोटदेखि नीति तथा कार्यक्रम निर्माणसम्मका प्रक्रियामा उनीहरूको भूमिका नाममात्रको छ ।

आफुहरुलाई बजेट सार्वजनिक हुने दिन मात्रै बोलाउने चलन रहेको उनी बताउँछन् । उनले भनिन्, 'त्यो बेला सुन्ने र ताली बजाउने काम मात्र हुन्छ । हाम्रा माग न लागू हुन्छन्, न त बजेट बनाउँदा सोधपुछ नै गरिन्छ ।'

मुगुको खत्याड गाउँपालिका-२ की दलित महिला वडा सदस्य हैजाली टमटाले पनि आफूहरूलाई निर्णय प्रक्रियामा भन्दा साक्षीका रूपमा मात्रै उपस्थित गराइने गरेको बताइन् । बस्तीस्तरमा योजना छनोट गर्दा बोलाइए पनि अन्तिम निर्णय अरूले नै गर्ने गरेको उनको भनाइ छ । आफुहरुलाई औपचारिक सहभागितामा सीमित राखिएको उनको गुनासो छ ।

सुर्खेतको पञ्चपुरी नगरपालिकाका महिला तथा दलित सदस्यहरूको अनुभव पनि फरक

बाँकी पृष्ठ २



निर्णय प्रक्रियामा पहुँच बढाउनुपर्छ : बुढा

लेखक तथा महिला अधिकारकर्मी लक्ष्मीकन्या बुढा राजनैतिक शक्ति र निर्णय प्रक्रियामा दलित वडा सदस्य र महिला सदस्यको पहुँच बढाउनुपर्ने बताउँछिन् । बजेट तर्जुमा प्रक्रियामा दलित र महिला सदस्यलाई जानकारी नदिनुको कारण संरचनात्मक, संस्थागत त्रुटि रहेको भन्दै उनीहरुको उपस्थिति र समर्थन बिना बनाइएका कार्यक्रम पारदर्शी नहुने उनको भनाइ छ ।

उनका अनुसार प्रायजसो वडा वा पालिकामा योजना तर्जुमा गर्दा शक्तिशाली वा अनुभवी जनप्रतिनिधिले निर्णय गर्ने चलन छ । त्यसैमा झन् पुरुष जनप्रतिनिधि र उच्च पदका कर्मचारीबीच सीमित रहन्छ । यो चलन अन्त्य हुनुपर्ने उनले बताइन् ।

'दलित र महिला सदस्यहरूलाई केवल अनिवार्य सहभागिताको रुपमा मात्रै समावेश गर्ने चलन छ । उनीहरूका सुझावलाई पनि पालिकाले गम्भीरतापूर्वक लिनुपर्छ' उनले भनिन्, 'बैठक, छलफल, वा महत्वपूर्ण निर्णयमा जानीबुझेर पनि दलित वा महिला सदस्यलाई नबोलाउने वा ढिला जानकारी दिने प्रवृत्ति छ । यसले उनीहरूलाई छलफलमा प्रभावकारी भूमिका निर्वाह गर्न असहज बनाउँछ ।'

कतिपय अवस्थामा, दलित र महिला सदस्यहरूलाई योजना तर्जुमा प्रक्रिया वा बजेट निर्माण प्रणालीबारे पर्याप्त तालिम, ज्ञान वा जानकारी नहुँदा उनीहरूले आफैं पहल गर्न नसक्ने अधिकारकर्मी बुढाले बताइन् । दलित र महिलालाई द्वितीय दर्जाको नागरिकसरह व्यवहार गर्ने चलन कायमै हुँदा योजना तर्जुमा जस्तो महत्त्वपूर्ण विषयमा उनीहरूको सहभागितामाथि बन्देज गराइएको उनको तर्क छ ।

जातीय र लैङ्गिक भेदभाव अझै पनि धेरै स्थानीय तहमा जरा गाडेर बसेको कारण संघीयताको मर्म अनुसार कतिपय जनप्रतिनिधिले काम गर्न नसेको उनको भनाइ छ ।

पारदर्शिताको अवस्था

महिला र दलित सदस्यलाई नै छुटाएर बनाइएको बजेट कार्यान्वयन र पारदर्शितामाथी पनि प्रश्न उठ्न थालेका छन् । कर्णालीका कतिपय स्थानीय तहले हरेक वर्ष समयमै बजेट ल्याउँदैनन् । भने ल्याएको बजेट कार्यान्वयनमा पनि जनप्रतिनिधिबिच मतभेद हुने गरेको छ ।

बजेट पारदर्शिताको मापन गर्ने विश्वव्यापी खुला बजेट सर्वेक्षणको प्रतिवेदन-२०२३ मा नेपालको बजेट पारदर्शिताको अङ्क ५० छ । सर्वेक्षण गरिएका १२५ देशमध्ये नेपाल ५८ औं स्थानमा छ । अन्तर्राष्ट्रिय बजेट साझेदारी (आइबिपी) ले जारी गरेको सो प्रतिवेदन अनुसार नेपालले खुला बजेट सर्वेक्षणका मुख्य तीन खम्बामध्ये बजेट पारदर्शिताको अवस्थामा सयमा ५० अङ्क पाएपनि अँझै सुधार आउन सकेको छैन ।

यस्तै बजेटको निगरानीमा ४६ अङ्क र बजेट प्रक्रियामा जनसहभागिताको अवस्थामा ३१ अङ्क मात्रै प्राप्त गरेको छ । यो तथ्यांकले पनि बजेट तर्जुमा प्रक्रियामा जनसहभागिता नै कमजोर छ भन्ने देखाउँछ । खुला बजेट सर्वेक्षणमा ६१ अङ्क वा सो भन्दा बढी प्राप्त भएमा मात्र सो सम्बन्धी देशको बजेटको सन्दर्भमा सुसूचित सार्वजनिक बहसका लागि पर्याप्त सामाग्री प्रकाशन गरिएको मानिन्छ । यस सर्वेक्षणमा बजेट चक्र अन्तरगतका आठ बजेट दस्ताबेजहरूको अनलाइन माध्यममा उपलब्धता, सूचनाको गुणस्तरीयता र समयबद्धतासँग सम्बन्धित १०९ सूचकहरूमा लेखाजोखा गरिन्छ ।

हरेक दुई वर्षमा सार्वजनिक हुने यो सर्वेक्षण प्रतिवेदन नवौं संस्करण हो । यस अगाडि २०२१ मा जारी भएको प्रतिवेदनमा नेपाल ७७ औं स्थानमा थियो । सर्वेक्षणको सातौं संस्करणमा भने नेपाल ६५ औं स्थानमा थियो ।

नेपालको बजेट पारदर्शिताको अवस्थामा थोरै सुधार भएपनि विश्वव्यापी

बाँकी पृष्ठ २

सूचीकरण प्रणालीमा २५ लाख किसान आबद्ध

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २७ जेठ

कृषि, वन तथा पर्यावरण मन्त्रालयको किसान सूचीकरण प्रणालीमा देशभरका करिब २५ लाख किसान आबद्ध भएका छन् ।

किसानलाई जमिनको विवरण र खेती उत्पादनका आधारमा सूचीकरण गरिएको हो । उत्पादन वृद्धि गर्न आवश्यक सहुलियत तथा सुविधा दिने उद्देश्यले किसानलाई विद्युतीय प्रणालीमार्फत सूचीकृत गरिएको कृषि सूचना केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिए ।

कृषि जनगणना, २०७८ अनुसार ४१ लाख ३० हजारको सङ्ख्या रहेकाले बाँकी १६ लाखभन्दा बढी किसानलाई पनि सूचीकृत गर्ने कार्य भइरहेको उनले बताए ।

'सबै किसानलाई सूचीबद्ध गरेपछि निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान गरी चार प्रकारमा मन्त्रालयले वर्गीकरण गर्ने योजना बनाएको छ,' उनले भने, 'वर्गीकरणपश्चात परिचयपत्र वितरण, विद्युतीय सूचना प्रणालीमा जोड्नेलगायत कार्यक्रम गरिनेछ । परिचयपत्रका आधारमा सरकारले अनुदानसहित रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापनलगायत सुविधासहित उपलब्ध गराउन सहज हुनेछ ।' देशभर स्थानीय तहसँग समन्वय गरी किसानका सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको हो । केन्द्रले यस कार्यक्रममा आफ्नो नाम दर्ता गराउन किसानलाई आह्वानसमेत गरेको छ ।

प्रतिकार्य योजना अनुमोदन

❐ काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, २७ जेठ

कर्णाली प्रदेशको प्रारम्भिक विपद्/मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८३ को अनुमोदन गरिएको छ । कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, प्रतिबद्ध चरण-३ र सेभ द चिल्ड्रेनको सहकार्यमा बिहीबार सुर्खेत वीरेन्द्रनगरमा कार्यशाला गोष्ठीमार्फत उक्त योजना अनुमोदन गरिएको हो । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८३ लाई अन्तिम रूप दिई अनुमोदन गर्न जिल्ला तथा प्रदेशस्तरका सरोकारवालाहरूसँगको समीक्षा, परामर्श तथा प्राविधिक छलफल भएको छ ।

आफ्नो भारत भ्रमण र बालेनको विवादित अभिव्यक्तिबारे यस्तो छ परराष्ट्रमन्त्रीको प्रष्टीकरण

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २७ जेठ

परराष्ट्रमन्त्री शिशिर खनालले प्रधानमन्त्री बालेन शाहले सीमा सम्बन्धी दिएको अभिव्यक्तिका विषयमा स्पष्टीकरण दिएका छन् । साथै उनले हालै सम्पन्न आफ्नो भारत भ्रमणको विषयमा पनि सदनलाई जानकारी गराएका छन् । बुधबारको बैठकमा उनले राखेको धारणाको पूर्णपाठ-

सम्माननीय सभामुखज्यू, हालै सम्पन्न भएको भारतको भ्रमण र सम्माननीय प्रधानमन्त्रीज्यूले यस सम्मानित सदनलाई २०८३ जेठ १७ गते गर्नुभएको सम्बोधन तथा नेपाल(भारत सीमा लगायत विषयमा जानकारी गराउने अनुमति चाहन्छु ।

सम्माननीय सभामुखज्यू, भारतका विदेश मन्त्री महामहिम डा. एस जयशंकरको सौहार्दपूर्ण निमन्त्रणामा भारतको तीन दिने औपचारिक भ्रमण सम्पन्न गरी म २०८३ जेठ २४ गते काठमाडौं फर्केको छु । गत फागुनमा सम्पन्न निर्वाचन पछि गठित नयाँ सरकारको औपचारिक प्रतिनिधित्व गर्दै भएको पहिलो उच्च स्तरीय भ्रमणबाट नेपाल र भारत बिचको मैत्रीपूर्ण र बहुआयमिक द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको मैले विश्वास लिएको छु ।

सो भ्रमणका क्रममा ६ जुन २०२४ मा नयाँ दिल्लीमा भारतका विदेश मन्त्री महामहिम डा.एस जयशंकरसँग





औपचारिक भेट र प्रतिनिधिमण्डल स्तरीय वार्ता सम्पन्न भएको छ । दुवै देशका प्रतिनिधिमण्डल बिच नेपाल-भारत द्विपक्षीय सम्बन्धका सम्पूर्ण पक्षहरूमा व्यापक र उपलब्धिमूलक छलफल भएको छ । द्विपक्षीय वार्तामा व्यापार तथा आर्थिक सहकार्य, कनेक्टिभिटी, ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन, साझा सुरक्षा, सीमा व्यवस्थापन, खेलकुद र जनस्तरको सम्बन्ध अभिवृद्धि जस्ता विषयहरूमा ठोस छलफल भएको छ । दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । साथै विभिन्न क्षेत्रीय तथा अन्तर राष्ट्रिय मुद्दाहरूमा समेत विचार आदानप्रदान गरिएको छ ।

नेपाल(भारत बिच द्विपक्षीय सहकार्यमा सञ्चालित परियोजनाहरूको प्रगति समीक्षा गर्नुका साथै तिनलाई थप प्रभावकारी बनाउने उपायहरूका बारेमा पनि महत्त्वपूर्ण छलफल भएको छ । बैठकका क्रममा हामीले तीन वटा संयुक्त घोषणाहरू गरेका छौं :

क. NCHL/ NPCI बिच जुन २०२३ मा हस्ताक्षर गरिएको समझदारी पत्र अन्तर्गत अन्तरदेशीय भुक्तानी ए२ए लेनदेनको सञ्चालन सुरु भएको छ ।

ख. नेपालमा भूकम्पपछि भारतको विकास सहयोगमा पुनर्निर्माण सम्पन्न भएका ७२ स्वास्थ्य क्षेत्रसँग सम्बन्धित परियोजना र १२ सांस्कृतिक क्षेत्रसँग सम्बन्धित परियोजनाहरूको हस्तान्तरण भएको छ ।

ग. 'भ्वाइस फस्ट' भाषा अनुवाद प्लेटफर्मको राष्ट्रिय डिजिटल पूर्वाधारको सह-निर्माणको लागि काठमाडौं विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङ, डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर एण्ड आर्टिफिसियल इन्टेलिजेन्स सेन्टर र डिजिटल इन्डिया भाषिनी डिभिजन बिच समझदारी पत्र ।

उक्त भ्रमणका क्रममा भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार श्री अजित डोभालसँग समेत भेटघाट र छलफल भयो । उक्त बैठकमा नेपाल र भारतका साझा सुरक्षा चासो, सीमा व्यवस्थापन तथा दुई देश बिचको रणनीतिक साझेदारीका विभिन्न पक्षहरूमा विचार आदानप्रदान गरियो । भ्रमणकै क्रममा इन्डिया फाउन्डेसनद्वारा नयाँ दिल्लीमा आयोजित एक विशेष कार्यक्रममा प्रबुद्ध व्यक्तिहरूको समूहलाई मैले सम्बोधन गर्ने अवसर पाएँ । उक्त कार्यक्रममा मैले नेपालको परराष्ट्र नीतिका प्राथमिकताहरूका बारेमा प्रकाश पार्दै सहभागीहरूसँग ऊर्जा, व्यापार, सीमा लगायत साझा चासोका विषयहरूमा केन्द्रित रही अन्तरक्रिया समेत गरैं । त्यसैगरी नेपाली राजदूतावास नयाँ दिल्लीको भ्रमण गरी दूतावासका पछिल्लो कामकारबाहीहरूको बारेमा दूतावास परिवारसँग प्रत्यक्ष अन्तरक्रिया गर्दै भारतमा नेपाल र नेपालीको हितको रक्षाका लागि प्रतिबद्ध भएर

बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
बिहीवार, २८ जेठ, २०८३
Thursday, 11 June 2026

सम्पादकीय

ग्रामीण विद्यालयको संकट, अब नीति बदल्ने बेला

कर्णालीका गाउँहरू रित्तिँदै जाँदा त्यसको प्रत्यक्ष असर विद्यालयमा देखिन थालेको छ । कुनै समय विद्यार्थीको चहलपहलले भरिएका विद्यालयहरू अहिले विद्यार्थी अभावले सुनसान बन्दै गएका छन् । अर्कोतर्फ प्रदेश राजधानी वीरेन्द्रनगर लगायतका सहरका विद्यालयमा विद्यार्थीको चाप थेग्नै नसक्ने अवस्था सिर्जना भएको छ । यो केवल शिक्षा क्षेत्रको समस्या मात्र होइन, कर्णालीको सामाजिक, आर्थिक र जनसांख्यिक परिवर्तनको संकेत पनि हो । प्रदेशभरका हजारौँ सामुदायिक विद्यालयमध्ये ठूलो सत्त्यामा विद्यालयमा ५० जनाभन्दा कम विद्यार्थी अध्ययनरत हुनु चिन्ताको विषय हो । कतिपय विद्यालयमा शिक्षक छन्, भवन छन्, फर्निचर र अन्य पूर्वाधार पनि छन्, तर पढ्न आउने विद्यार्थी छैनन् । जन्मदर घट्दै जानु, गाउँबाट सहरतर्फको तीव्र बसाइँसराइ र अवसरको खोजीमा परिवारहरू पलायन हुनु यसको मुख्य कारण बनेका छन् ।

अर्कोतर्फ सहरका विद्यालयमा अवस्था ठीक उल्टो छ । वीरेन्द्रनगरका केही विद्यालयमा क्षमता भन्दा धेरै विद्यार्थी भर्ना लिनुपर्ने अवस्था छ । कर्णालीका विभिन्न जिल्लाबाट विद्यार्थीहरू अध्ययनका लागि सहर केन्द्रित विद्यालयमा आउँदा ग्रामीण विद्यालय झन् कमजोर बन्दै गएका छन् । यसले शिक्षा क्षेत्रमा गम्भीर असन्तुलन सिर्जना गरेको छ । अभिभावकमा गुणस्तरीय शिक्षा, अंग्रेजी माध्यम र राम्रो भविष्यको खोजी स्वाभाविक हो । तर गाउँका विद्यालयप्रतिको विश्वास कमजोर हुँदै जानु राज्यका लागि चिन्ताको विषय हुनुपर्छ । यदि गाउँका विद्यालयमा गुणस्तरीय शिक्षा, सक्षम शिक्षक, आधुनिक शिक्षण प्रणाली र आवश्यक सुविधा सुनिश्चित गर्न सकिएन भने विद्यार्थी पलायन रोक्न सकिने छैन ।

ग्रामीण विद्यालय रित्तिनु भनेको केवल कक्षा कोठा खाली हुनु होइन, गाउँको भविष्य नै कमजोर हुनु हो । विद्यालय बन्द हुँदै जाँदा गाउँमा बसोबास गर्ने परिवारको संख्या पनि घट्दै जान्छ । विद्यालय समुदायको सामाजिक केन्द्र हो । त्यसैले विद्यालय जोगाउनु भनेको गाउँ जोगाउनु पनि हो । राज्यले अब विद्यालय गाभ्ने वा संख्या घटाउने मात्र होइन, ग्रामीण विद्यालयलाई आकर्षक र प्रतिस्पर्धी बनाउने नीति ल्याउनुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारी र आधारभूत सेवाको पहुँच गाउँमै विस्तार गर्न सके मात्र बसाइँसराइको गति कम गर्न सकिन्छ । स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले यस विषयलाई गम्भीर रूपमा लिन आवश्यक छ । कर्णालीको शिक्षा क्षेत्र आज एउटा मोडमा उभिएको छ । सहरका विद्यालय भरिँदै जानु र गाउँका विद्यालय रित्तिँदै जानु विकासको सन्तुलित संकेत होइन । यदि समयमै प्रभावकारी नीति र कार्यक्रम लागू गरिएन भने आगामी वर्षहरूमा अझ धेरै विद्यालय अस्तित्वको संकटमा पर्ने निश्चित छ । अब बहस होइन, समाधानको समय आएको छ ।

मिटरब्याजीको फन्दामा म कसरी परेँ ?



✍ फणिन्द्र नेपाल

चिनियाँ जलविद्युतको क्षेत्रमा लगानी गर्ने व्यवसायीसँग छलफल गर्ने उद्देश्यले म २०७६ सालमा चीन गएको थिएँ । तत्कालीन समयमा आफूसँग पैसा नभएको अवस्थामा शत्त रापुर न.पा. वडा नं. ६ घर भई कामनपा वडा नं. ७ सिफल, कालोपुल बस्ने वर्ष ५५ को युवराज खत्री भन्ने व्यक्तिसँग रु. २०,००,०००/- (बीस लाख रुपैयाँ) सापटी मागेँ । मौखिक आधारमा ३६% ब्याज तिर्ने गरी ऋण सापटी लिन धितोस्वरूप मेरो नाममा नेपाल बैंक लिमिटेड, चाबहिलमा रहेको बचत खाताको चेकबाट मिति २०७६/०३/०३ को मिति राखेर रु. २०,००,०००/- (बीस लाख रुपैयाँ) को चेक दिएँ । वास्तवमा चेकको यो मिति पनि मलाई उसले बदनियतपूर्वक लेख्न लगाएको रहेछ । उसले मलाई "तपाईंको पुरानो चेक देखाएर साथीलाई विश्वास दिलाउनु छ, त्यसैले चेकमा २०७६/०३/०३ को मिति लेखिदिनुस्, यो मलाई ठूलो गुन हुनेछ" भनेपछि मैले सोझो हिसाबले चेकमा उसले भनेकै मिति २०७६/०३/०३ लेखिदिएँ । मैले उसलाई उक्त मितिको चेक चाहिँ २०७६/०५/०५ गतेका दिन लेखेर दिएको हुँ । यसरी उसले २०७६/०५/०५ गतेका दिन मसँग २०७६/०३/०३ गतेको चेक लियो ब्याक डेटको चेक लिनुको उसको उद्देश्य छिटो चेक बाउन्स गरेर राख्नु रहेछ । पैसा नदिई उसलाई चेक नदिनुपर्नेमा मैले बेइमानी नगर्ला भन्ने विश्वासमा चेक उसको हातमा थमाएर पैसा लिन हात अगाडि बढाएँ । उसले चेक पट्टयाएर पर्समा राख्दै भन्यो, "आज मेरो जरुरी काम परेकाले चेक साट्न भ्याउँदिनँ, भोलि दिन्छु ।" मैले उसलाई "मलाई चेकै फिर्ता दिनुस्, म आफैँ साट्छु" भन्दा, "होइन म तपाईंलाई क्यासै दिन्छु" भन्यो । ऊसँग पहिले राम्रो परिचय नभए पनि उसको भान्जा नाता पर्ने मेरो साथीले 'पैसा दिन सक्ने मान्छे हो' भनेको हुँदा मैले ठीकै छ भनेँ ।

भोलिपल्ट उसको घर जाँदा दुई लाख दिएर अरू पैसा दुई-तीन दिनपछि दिन्छु भन्यो । तर एक हप्तापछि थप रु. ३,००,०००/- (तीन लाख रुपैयाँ) दियो । अरू पैसाका लागि फेरि एक हप्ताको भाका राख्यो । अनि पन्ध्र दिनपछि ५,००,०००/- रुपैयाँ मात्र दियो । बाँकी पैसा माग्दा "केही दिन पर्खनुस्" भन्यो । मैले एक महिना पर्खिएँ । महिना दिनपछि गएर पैसा माग्दा उसले "मेरो १० लाख तिरेर चेक फिर्ता लैजानुस् न त" भन्यो । मैले कुरा बुझिहालेँ, बाँकी पैसा अब यसले सजिलै दिँदैन । म उसलाई १० लाख रुपैयाँ फिर्ता गर्न सक्ने अवस्थामा पनि थिइनँ ।

म अप्ठ्यारोमा परेको बुझेर त्यसपछि निज युवराज खत्रीले उसको साथी शुकराम लामासँग संयुक्त रूपमा मेरी श्रीमतीका नाममा मालपोत कार्यालय कामनपा वडा नं. ७ चाबहिलमा दर्ता स्रेस्ता रहेको ०-८-३-२ क्षेत्रफलको दुई कित्ता जग्गा प्रतिआना रु. २५,००,०००/- (पच्चीस लाख रुपैयाँ) का दरले खरिद गर्ने भनेर २०७६ साल असोज १६ गते बैना गऱ्यो । मैले फेरि एक महिनापछि उसलाई भेटेर बाँकी १० लाख रुपैयाँ पाउनुपर्ने कुरा दोहोऱ्याएँ । उसले मेरो सामाजिक प्रतिष्ठामा आघात पार्ने कुरा गरेर धम्क्यायो यसरी घरीघरी पैसा माग्ने हो भने चेक बाउन्स गरेर जेल पुऱ्याइदिन्छु भनेर तर्कियो । मैले आफूलाई ठूलै पासोमा परेको पाएँ । वर्ष दिनभित्र सावाँ-ब्याज एकैचोटि बुझाउने पूर्वसहमति विपरीत उसले ३ महिना नपुग्दै ब्याज माग्यो । मैले सोचेको थिएँ, यसले मलाई दिन बाँकी १० लाख रुपैयाँलाई ब्याज मान्नेछ र १० लाख तिरेपछि चेक फिर्ता दिन्छ होला भनेर जग्गा बैनाबाट आएको रकमबाट १० लाख रुपैयाँ नगदै दिएर चेक फिर्ता मागेँ । तर उसको योजना अर्कै रहेछ- बीस लाखलाई नै सावाँ मानेर त्यसको ब्याज पनि लिने र एकमुष्ट सावाँ पनि असुल्ने ।

२०७६ साल असोज १६ गते बैना गरी लिएको जग्गा भाखाभित्र पास गर्न नसकी थाती रहेकोमा निज युवराज खत्रीको सिफारिसमा सोही जग्गा २०७८ साल वैशाख १३ गते निलू क्षेत्री नामकी महिलाले बैना गरेको कागजको साक्षीमा युवराज खत्री स्वयं रहेको छ । निलू क्षेत्रीले बैना रकम रु. ४०,००,०००/- (चालीस लाख रुपैयाँ) जग्गाधनी मेरी श्रीमती रोहिका नेपाललाई बुझाउनुपर्ने हिसाबमध्ये शुकराम लामालाई रु. १५,००,०००/- (पन्ध्र लाख) र युवराज खत्रीलाई रु. २०,००,०००/- (पन्ध्र लाख र थप पाँच लाख) चेकमार्फत दिई रोहिका नेपालले २०७६ असोज १६ गते निजहरूबाट लिएको रु. ३०,००,०००/- बैना रकम फिर्ता गर्दा युवराज खत्रीका नाममा गएको बीस लाखमध्ये पाँच लाख रुपैयाँचाहिँ मैले युवराज खत्रीलाई प्राविधिक र कानुनी रूपमा बाध्य भई तिर्नुपर्नेमध्येको हो । यो भुक्तानीको हिसाब निलू क्षेत्रीले युवराज खत्रीका नाममा काटेको र सानिमा बैंकमा निजले साटेको चेकबाट देख्न सकिन्छ ।

युवराज खत्रीको बदमासी र बदनियतको कथा पनि उत्तिकै उदेकलाग्दो छ । निलू क्षेत्रीसँग बैनाको कागज गर्दा लेखनदास उसैले लिएर आएको थियो । सुरुमा बैनाको कागजमा युवराज खत्रीले लिने भनेको थप पाँच लाख किन दिने भन्ने विषयमा स्पष्ट उल्लेख गरिएको थियो ।

सो कागजमा युवराज खत्रीलाई बैना रकम फर्काउन रु. १५,००,०००/- र रु. २०,००,०००/- मध्ये ब्याज भुक्तान गर्न बाँकी रु. ५,००,०००/- लाखको छुट्टाछुट्टै चेक दिने उल्लेख थियो, तर युवराजको लेखनदासले बैनाको कागज दुई थरी बनाएको रहेछ । पहिलो कागज घरपरिवारका हामी तीनै जनाले हेरेर ठीकै छ भन्यौँ । लेखनदासले चलाखीपूर्वक "साक्षीको नाम लेख्न बाँकी छ" भनेर सो कागज फिर्ता लिएर पाँच लाख रुपैयाँबारे केही उल्लेख नभएको अर्को कागजमा साक्षीको सही गराएछ । यो सबै युवराज खत्रीको योजनाअनुसार भएको रहेछ ।

यसैबीच २०७७ मा युवराजले मविरुद्ध हालेको रु. २०,००,०००/- (अक्षरेपी बीस लाख रुपैयाँ) को चेक अनादर मुद्दाको म्याद मेरो नाममा आयो । २०७६/०३/०३ मा चेक नसाटिएपछि तुरुन्तै चेक बाउन्स गर्नुपर्नेमा उसले २०७७/१२/२३ मा गएर २१ महिनापछि जिल्ला अदालत काठमाडौँमा चेक अनादर मुद्दा दर्ता गऱ्यो । त्यो अदालती म्याद मैले निलू क्षेत्री र रोहिका नेपालका बीचमा २०७८/०१/१३ मा जग्गा बैना गरिसकेपछि पाएँ ।

युवराज खत्रीले योजनाबद्ध रूपमा चेकबापतको रकम बीस लाख रुपैयाँको बाँकी ब्याज र जग्गा बैनाबापतको रकम रु. ३०,००,०००/- (अक्षरेपी तीस लाख रुपैयाँ) फिर्ता पाइसकेपछि मात्र मेरा हातमा अदालती म्याद पुग्ने समय हिसाब गरेर मुद्दा दर्ता गरेको रहेछ । अदालतको म्याद बुझेपछि मैले फोन गरेर युवराज खत्रीलाई "यो के गरेको युवराज भाइ, पैसा लिएर पनि मुद्दा हाल्ने?" भन्दा उसले "जे हुनु भइहाल्यो, तपाईं प्रतिउत्तर दिनुस्; म मिलापत्र गरिदिन्छु" भन्यो । मैले पत्याएँ । मुद्दा चल्दै गयो । २०७७/१२/२५ मा उसले त्यही जग्गा रोक्का राखेको रहेछ । ऊ मलाई झुक्याउँदै तल पार्ने काममा तल्लीन रहेछ । मैले प्रत्युत्तर दिएपछि उसले मिलापत्र गर्नुपर्नेमा "फैसला के हुँदोरहेछ हेर्गै न" भनेर पन्छिन थाल्यो ।

२०७८ साल वैशाख २३ गते जिल्ला अदालत काठमाडौँबाट उसैको पक्षमा फैसला भयो । प्राविधिक कारणले म तल परेँ । बिगो रु. २०,००,०००/- र त्यसमा लाग्ने ब्याजसमेत गरेर रु. २५,००,०००/- भन्दा बढी नै रकम मैले तिर्नुपर्ने देखियो । उसले फैसला कार्यान्वयनका निम्ति निवेदन दिएपछि फैसला कार्यान्वयन हुने भयो । मैले उसलाई भेटेर "तपाईंले मसँग दुई गुणाभन्दा बढी पैसा (१० लाखको २१ लाख ५० हजार) लिइसक्नुभयो, अहिले फेरि थप २५ लाख रुपैयाँभन्दा बढी लिन अदालतबाट आदेश गराइसक्नुभयो । यस्तो अन्याय किन गर्नुभएको ?" भन्दा "पाँच लाख रुपैयाँ छोडिदिन्छु, बाँकी सबै पैसा एकैचोटि तिर्नुस" भन्यो । मैले उसलाई भनेँ, "म कानुनी र प्राविधिक रूपले तल परेको छु, तर नैतिक रूपमा माथि छु, किनभने तपाईंको सबै पैसा मैले चुक्ता गरिसकेको छु ।" उसले पैसा तिरेको प्रमाण देखायो । मैले "२०७६/०३/१६ गतेका दिन रु. २०,००,०००/- (अक्षरेपी बीस लाख रुपैयाँ) र पटक-पटक ब्याज रकम बुझाई बुझाउन बाँकी ब्याज रु. ५,००,०००/- (पाँच लाख रुपैयाँ) २०७८/०१/१३ गते रोहिका नेपालले निलू क्षेत्रीसँग गरेको जग्गा बैनाको कागजमा उल्लिखित सानिमा विकास बैंकको चेकबाट भुक्तान गरिसकेको छु" भनेपछि "मेरो पैसा तिरे इज्जत जोगिन्छ, नतिरे जेल परिन्छ, के गर्ने हो आफैँ विचार गर्नुस" भन्ने जवाफ फर्कायो ।

आफ्नो...

लाग्न निर्देशन दिएको छु । साथै दूतावासमा आयोजित मिडिया अन्तरक्रिया कार्यक्रममा भारतमा रहेका सञ्चार माध्यमहरूसँग छलफल गरी हाम्रा प्राथमिकताका बारेमा पनि जानकारी गराएको छु ।

सम्माननीय सभामुखज्यू,

अब म सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन र नेपाल-भारत सीमाको विषयमा केही उल्लेख गर्न चाहन्छु । सम्माननीय प्रधानमन्त्रीज्यूले २०८३ जेठ १७ गते सङ्घीय संसद्को प्रतिनिधि सभामा प्रश्नोत्तरका क्रममा नेपालको सीमाका विषय उल्लेख गर्दै द्विपक्षीय वार्ताद्वारा समस्या समाधानमा सरकार प्रतिबद्ध रहेको बताउनुभएको थियो । सम्माननीयज्यूबाट प्रस्तुत धारणाको सम्बन्धमा परराष्ट्र मन्त्रालयले सोही दिन विस्तृत जानकारी पनि उपलब्ध गराइसकेको छ ।

नेपाली भूमि लिपुलेक क्षेत्र हुँदै भारतले मानसरोवर तीर्थयात्रा मार्ग सञ्चालनमा ल्याएको विषयमा समेत नेपाल सरकारको आधिकारिक धारणा परराष्ट्र मन्त्रालयले २०८३ वैशाख २० मा स्पष्ट पारिसकेको छ । यस विषयमा नेपालले पठाएको कूटनीतिक नोटको जवाफ भारत सरकारबाट पनि कूटनीतिक नोट मार्फत नै प्राप्त भएको छ । दुवै देशले सीमा सम्बन्धी विवादहरूलाई कूटनीतिक माध्यम र आपसी छलफलबाट समाधान गर्न प्रतिबद्धता व्यक्त गरेका छन् ।

यहाँहरूलाई थाहै छ, नेपाल र भारत बिच सदियौँ पुरानो र खुल्ला सिमाना रहेको छ ।

बजेट...

छैन । महिला सदस्य हरिकला महताराले बजेटको सिलिङ, कार्यक्रमको प्राथमिकता र निर्णय प्रक्रियाबारे समयमै जानकारी नपाइने बताइन् ।

दलित महिला सदस्य बविता विकका अनुसार आफ्ना प्रस्ताव र मागहरू निरन्तर बेवास्ता हुँदा जनप्रतिनिधिको रूपमा काम गर्ने आत्मविश्वास नै कमजोर बन्दै गएको छ ।

लगातार दुई कार्यकाल दलित महिला सदस्य रहेकी कोपिला नेपालीका अनुसार राजनीतिक र प्रशासनिक संरचनामा पुरुषको प्रभाव अझै बलियो भएकाले महिला तथा दलित सदस्यका मुद्दा ओझेलमा पर्ने गरेका छन् । संविधानले दिएको प्रतिनिधित्व व्यवहारमा प्रभावकारी सहभागितामा रूपान्तरण हुन नसकेको उनको भनाइ छ ।

महिला सदस्य कमला सुवेदीले क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमको अभावले पनि महिला तथा दलित सदस्यहरू बजेट तर्जुमा प्रक्रियामा प्रभावकारी बन्न नसकेको बताइन् । उनका अनुसार पर्याप्त जानकारी, तालिम र स्रोतको अभावले उनीहरू निर्णय प्रक्रियामा कमजोर देखिने गरेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बजेट तर्जुमा प्रक्रियामा सबै वर्ग, समुदाय र लिङ्गको सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ । तर कर्णालीका अधिकांश स्थानीय तहमा महिला तथा दलित सदस्यलाई योजना छनोटदेखि बजेट निर्माणसम्मका चरणमा अर्थपूर्ण रूपमा सहभागी नगराएको उनीहरूको गुनासो छ ।

तर स्थानीय तहका प्रमुखहरूले भने अवस्था क्रमशः सुधार हुँदै गएको दाबी गरेका छन् । डोल्पोबुद्ध गाउँपालिका अध्यक्ष लावाङ गुरुङ, खत्याड गाउँपालिका अध्यक्ष अजबहादुर शाही तथा पञ्चपुरी नगरपालिकाका जनप्रतिनिधिहरूले महिला र दलित सदस्यको सहभागिता बढाउन प्रयास भइरहेको बताएका छन् । उनीहरूका अनुसार बजेटको सीमितता र धेरै मागका कारण सबै प्रस्ताव समेट्न नसकिए पनि सहभागिता सुनिश्चित गर्ने अभ्यास विस्तार भइरहेको छ ।

तर महिला तथा दलित जनप्रतिनिधिहरूको अनुभवले बजेट निर्माण प्रक्रियामा उनीहरूको उपस्थिति अझै प्रभावकारी बन्न नसकेको देखाउँछ । कानुनी रूपमा सुनिश्चित प्रतिनिधित्व व्यवहारमा निर्णयको तहसम्म पुग्न नसक्दा बजेट निर्माण प्रक्रियाको समावेशिता र पारदर्शितामाथि प्रश्न उठिरहेको छ ।

पारदर्शिताको...

रूपमा औसत ६१ अङ्क ल्याउनुपर्ने चुनौती भन्दा धेरै पछाडि छ । खुला बजेट सर्वेक्षणमा बजेटका ८ दस्ताबेजका रूपमा पूर्व बजेट विवरण, कार्यकारी बजेट प्रस्ताव, अनुमोदित बजेट दस्ताबेज, नागरिक बजेट, वार्षिक प्रतिवेदन, मध्यावधि समीक्षा, चौमासिक आवधिक प्रतिवेदनहरू र लेखा परीक्षण प्रतिवेदनहरूसँग सम्बन्धित विभिन्न प्रश्नावलीहरूको सूचना र विश्लेषण समावेश हुन्छ ।

पूर्व बजेट विवरणको दस्ताबेज र नागरिक बजेटको अभ्यासलाई नेपालले आत्मसात् नगरेको प्रतिवेदनले देखाउँछ १२५ देशमध्येबाट औसत अवस्थाको अङ्क ४५ मात्र रहेको छ भने दक्षिण एसियाली राष्ट्रहरूमध्ये बजेट पारदर्शितामा भारतको अङ्क ५१, श्रीलङ्काको ३७, बङ्गलादेशको ३७ र पाकिस्तानको ३० मात्र छ । समग्रमा दक्षिण एसियाका देशहरू बजेट पारदर्शितामा अपर्याप्तताको स्थितिमा छन् ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २७ जेठ

लेकबेशी नगरपालिकालाई एक विशेष कार्यक्रमका बीच पूर्ण खोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको छ।

जन्मेदेखि पाँच वर्षमुनिका सबै बालबालिकाले अनिवार्य रूपमा पाउनुपर्ने १३ प्रकारका खोप पूर्ण रूपमा प्राप्त गरेको सुनिश्चित भएपछि यो घोषणा गरिएको हो। सरकारको स्वास्थ्य नीति अनुसार जन्मेदेखि १५ महिनाभित्रकाबालबालिकालाई विभिन्न घातक रोगबाट बचाउन १३ प्रकारका खोप अनिवार्य रूपमा लगाउनुपर्ने व्यवस्था छ। सोही नीति अनुसार नगरपालिकाले सबै लक्षित बालबालिकामा खोपको पहुँच सुनिश्चित गर्न सफल भएको जनाएको छ।

खोप अभियानका क्रममा कुनै कारणले समयमै खोप लगाउन छुटेका १६ देखि ५९ महिनासम्मका बालबालिकाको पहिचान गरी स्थानीय स्वास्थ्य शाखामार्फत विशेष खोजी गरिएको जनस्वास्थ्य अधिकृत निरञ्जन चन्दले जानकारी दिए।

पहिचान गरिएका सबै बालबालिकालाई आवश्यक खोपको मात्रा पूरा गराएपछि मात्र पालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएको उनले बताए।

नगर प्रमुख उमेश पौडेलका अनुसार लेकबेशी नगरपालिकाका १० वटै वडामा व्यापक खोप अभियान सञ्चालन गरिएको थियो। महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी तथा स्थानीय तहका जनप्रतिनिधिहरूको सक्रिय सहभागितामा घरदैलो सर्वेक्षण गरी खोप छुटेका बालबालिका पहिचान गरिएको उनले जानकारी दिए।

अभियान सफल बनाउन स्वास्थ्य संस्था व्यवस्थापन समिति, वडा खोप समन्वय समिति, आमा समूह, शिक्षक तथा विभिन्न संघसंस्थाको समेत समन्वय र सहकार्य महत्वपूर्ण रहेको नगरपालिकाले जनाएको छ। सबै सरोकारवालाको संयुक्त प्रयासपछि नगरभित्र कुनै पनि बालबालिका खोप सेवाबाट वञ्चित नरहेको सुनिश्चित गर्दै यो उपलब्धि हासिल गरिएको हो।

कृषि उपजबाट ६९ करोड आम्दानी



❐ काँक्रेविहार संवाददाता
जुम्ला, २७ जेठ

हिमाली जिल्ला जुम्लामा उत्पादित कृषि उपज बिक्रीबाट गत आर्थिक वर्ष २०८०/८१ मा ६९ करोड १५ लाख ६१ हजार रुपैयाँ आम्दानी भएको छ।

कृषि विकास कार्यालय जुम्लाको तथ्याङ्क अनुसार जिल्लामा उत्पादन हुने अर्गानिक कृषि उपजको बजारमा उच्च माग रहेकाले किसानहरूले उल्लेखनीय आम्दानी गर्न सफल भएका हुन्।

कार्यालय प्रमुख रामभक्त अधिकारीका अनुसार कुल आम्दानीमध्ये सबैभन्दा ठूलो हिस्सा स्याउ बिक्रीबाट आएको छ। गत आर्थिक वर्षमा नौ हजार तिन सय ३१ मेट्रिक टन स्याउ बिक्री हुँदा ६६ करोड ३१ लाख रुपैयाँ आम्दानी भएको छ।

स्वाद, गुणस्तर तथा अर्गानिक उत्पादनका कारण जुम्लाको स्याउ देशभर लोकप्रिय बन्दै गएको छ। स्याउपछि सिमी बिक्रीबाट एक करोड ३३ लाख ९२ हजार रुपैयाँ आम्दानी भएको छ। त्यस्तै, ९० हजार ६६ किलोग्राम आलु बिक्रीबाट ३७ लाख १७ हजार रुपैयाँ, फापरको पिठोबाट १५ लाख ३७ हजार रुपैयाँ र कोदोको पिठोबाट २४ लाख ६० हजार रुपैयाँ आम्दानी भएको कार्यालयले जनाएको छ।

स्याउको चाना, ओखर र भटमास बिक्रीबाट समेत किसानले राम्रो आम्दानी गरेका छन्। कार्यालयका अनुसार जुम्लामा उत्पादन हुने अर्गानिक कृषि उपजको माग वर्षेनी बढ्दै गए पनि उत्पादनले बजारको आवश्यकता पूरा गर्न सकेको छैन।

विशेषगरी स्याउ र मार्सी चामलको माग उच्च रहेकाले उत्पादन वृद्धि, प्रशोधन, भण्डारण तथा बजारीकरणमा थप लगानी आवश्यक रहेको बताइएको छ।

सूचनामूलक सन्देश

- यस केन्द्रबाट वन अनुसन्धान, वन व्यवस्थापन, वन्यजन्तु संरक्षण, जडीबुटी तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी अध्ययन-अनुसन्धान, वनकर्मी तथा समुदायलाई आवश्यक तालिम, क्षमता विकास कार्यक्रम तथा प्राविधिक परामर्श सेवा प्रदान गरिँदै आएको छ।
- वन क्षेत्रको संरक्षण र प्रवर्द्धनमा समुदायको सक्रिय सहभागिता आवश्यक रहेकाले वन डढेलो नियन्त्रण, अवैध वन पैदावार ओसारपसार रोकथाम, वन्यजन्तु संरक्षण तथा वृक्षारोपण कार्यक्रमहरूमा सहयोग गर्न सम्पूर्ण नागरिकमा अनुरोध गरिन्छ।
- वन क्षेत्रमा हुने अवैध कटानी, वन अतिक्रमण, डढेलो तथा वन्यजन्तु चोरी-सिकार जस्ता गतिविधिको जानकारी प्राप्त भएमा सम्बन्धित निकायलाई तत्काल सूचना दिनुहुन अनुरोध छ।
- हरियाली वातावरण, समृद्ध वन सम्पदा र दिगो विकासका लागि सबैको साझा प्रयास आवश्यक भएकाले वन संरक्षण अभियानमा सक्रिय सहभागिता जनाई सहयोग गरिदिनुहुन सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौं।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
वीरेन्द्रनगर, सुर्खेत

सूचनामूलक सन्देश

- पूर्वाधार विकास कार्यालय, मुगुले जिल्लामा सञ्चालित सडक, पुल, भवन, खानेपानी, सिंचाइ तथा अन्य विकास निर्माणका योजनाहरू गुणस्तरीय, पारदर्शी र समयमै सम्पन्न गर्न सरोकारवाला सबै पक्षलाई अनुरोध गर्दछ।
- विकास निर्माणका कार्यहरू जनताको आवश्यकता र समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएका विषय भएकाले निर्माण सामग्रीको गुणस्तर, प्राविधिक मापदण्डको पालना तथा निर्धारित समयसीमाभित्र काम सम्पन्न गर्न निर्माण व्यवसायी, उपभोक्ता समिति तथा सम्बन्धित निकायहरूलाई विशेष ध्यान दिन आग्रह गरिन्छ।
- साथै, विकास आयोजनाको कार्यान्वयनका क्रममा देखिएका समस्या, अनियमितता, ढिलासुस्ती वा गुणस्तरसम्बन्धी गुनासो भएमा सम्बन्धित कार्यालयमा जानकारी गराई सहकार्य गर्न अनुरोध गरिन्छ। सार्वजनिक सम्पत्तिको संरक्षण, निर्माणाधीन संरचनाको सुरक्षा तथा वातावरणीय सन्तुलन कायम राख्न स्थानीय नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको कार्यालयको विश्वास छ।
- कार्यालयले सडक तथा पुल निर्माणका क्रममा आवश्यक सावधानी अपनाउन, निर्माणस्थल वरपर आवतजावत गर्दा सुरक्षा नियमहरूको पालना गर्न तथा वर्षायाममा सम्भावित प्राकृतिक विपद्बाट सुरक्षित रहन सबै नागरिकलाई सचेत रहन आग्रह गर्दछ।
- समृद्ध मुगु निर्माणका लागि विकास निर्माण कार्यमा सबै पक्षको साथ, सहयोग र निगरानी अपरिहार्य रहेकोले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्न सम्पूर्ण जिल्लावासीमा हार्दिक अनुरोध गरिन्छ।

पूर्वाधार विकास कार्यालय
सल्यान

जुनोटिक रोगबारे सचेतना कार्यक्रम



❐ काँक्रेविहार संवाददाता
सल्यान, २७ जेठ

कुमाख गाउँपालिकामा पशुपन्छीबाट मानिसमा सर्न सक्ने जुनोटिक रोगसम्बन्धी अन्तरक्रिया तथा सचेतना कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको उद्देश्य पशु, मानव र वातावरणबीचको अन्तरसम्बन्धबारे जानकारी दिँदै जुनोटिक रोगको जोखिम, रोकथाम तथा नियन्त्रणका उपायबारे जनचेतना अभिवृद्धि गर्नु रहेको थियो।

कार्यक्रममा पशुपन्छी विकास शाखा प्रमुख डा. विष्णु केसीले रेबिज, बर्ड फ्लु, ब्रुसेलोसिस र लेप्टोस्पाइरो सिसलगायत नेपालमा देखिने प्रमुख जुनोटिक रोगका बारेमा जानकारी दिए।

उनले नियमित खोप, सुरक्षित पशुपालन र सरसफाइमार्फत यस्ता रोगको जोखिम कम गर्न सकिने बताए।

वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख जीवन शर्माले वातावरणीय असन्तुलन, जलवायु परिवर्तन तथा वन्यजन्तुको बासस्थानमा मानवीय हस्तक्षेप बढ्दै जाँदा जुनोटिक रोग फैलिने सम्भावना बढिरहेको उल्लेख गरे।

स्वास्थ्य शाखा प्रमुख मानसिंह ओलीले ग्रामीण क्षेत्रमा जनचेतनाको कमी र असुरक्षित पशुपालन अभ्यासले जोखिम बढाउने भएकाले व्यक्तिगत सरसफाइ र नियमित स्वास्थ्य परीक्षणमा ध्यान दिन आग्रह गरे।

कार्यक्रममा "वन हेल्थ" अवधारणाबारे पनि जानकारी दिँदै पशु स्वास्थ्य, मानव स्वास्थ्य र वातावरणीय स्वास्थ्यबीचको सम्बन्धलाई एकीकृत रूपमा बुझ्नुपर्ने आवश्यकता औंल्याइएको थियो।

जनप्रतिनिधि, कर्मचारी तथा अगुवा कृषकहरूको सहभागिता रहेको कार्यक्रममा स्थानीय स्तरमा रोग निगरानी र जनचेतना विस्तारमा जोड दिइएको थियो।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

बिहीवार, २८ जेठ, २०८३
Thursday, 11 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

अस्पताल फार्मेसीमा चोरी

काँक्रेविहार संवाददाता

रूकुमपश्चिम, २७ जेठ

रुकुम पश्चिमस्थित जिल्ला अस्पतालको फार्मेसीमा चोरी भएको घटनामा प्रहरीले तीन जना युवकलाई नियन्त्रणमा लिएर सोधपुछपछि छाडेको छ।

जिल्लाको मुसिकोट नगरपालिका-०१ सल्लेमा रहेको जिल्ला अस्पतालको फार्मेसीबाट मंगलबार राति करिब आठ बजेको समयमा नगद रकम चोरी भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ।

प्रहरीका अनुसार फार्मेसीमा कार्यरत कर्मचारी शौचालय गएको समयमा काउन्टरमा राखिएको करिब १४ देखि १५ हजार रुपैयाँ चोरी भएको हो।

घटनामा नगद बाहेक अन्य कुनै सामग्री हराएको पुष्टि नभएको प्रहरीले जनाएको छ। घटनापछि अनुसन्धान अघि बढाउँदै प्रहरीले मुसिकोट नगरपालिका-०३ का १९ वर्षीय दीपेश वली, मुसिकोट एक का २२ वर्षीय अल्बड सिंह र १९ वर्षीय जगदीश परियारलाई पक्राउ गरेको थियो।

जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी झविन्द्र परियारका अनुसार पक्राउ परेका तीनै जना मानसिक अवस्था सामान्य नरहेका तथा सडकमा बेवारिसे अवस्थामा जीवनयापन गर्दै आएका व्यक्ति हुन्।

उनीहरूका अभिभावक वा आफन्तको स्पष्ट पहिचान नभएकाले आवश्यक कानुनी प्रक्रिया तथा सोधपुछपछि उनीहरूलाई छाडिएको उनले जानकारी दिए।

सूचना अधिकारी परियारका अनुसार यसअघि पनि उनीहरू विभिन्न घटनामा संलग्न भएको भन्दै नियन्त्रणमा लिइएको अभिलेख रहेको छ। तर अभिभावक तथा संरक्षकको स्पष्ट व्यवस्था नभएकाले उनीहरूलाई सुधार केन्द्रमा राख्ने वा पुनःस्थापनाको प्रक्रिया अघि बढाउन कठिनाइ भएको प्रहरीले जनाएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको र चोरीको वास्तविक अवस्था तथा संलग्नताको विषयमा विस्तृत बुझ्ने काम जारी रहेको प्रहरीले जनाएको छ।

प्रहरीले यस्ता घटनामा संवेदनशील सामाजिक पक्ष पनि जोडिएको भन्दै दीर्घकालीन समाधानका लागि सम्बन्धित निकायको समन्वय आवश्यक रहेको बताएको छ।

मनसुनजन्य जोखिमबारे प्रदेशस्तरीय फोरम



काँक्रेविहार संवाददाता

सुर्खेत, २७ जेठ

मनसुनजन्य विपद्को जोखिम पूर्वानुमान, पूर्वतयारी र प्रतिकार्यका विषयमा केन्द्रित 'प्रथम कर्णाली प्रदेश मनसुन फोरम २०२६' वीरेन्द्रनगरमा सम्पन्न भएको छ। जल तथा मौसम विज्ञान कार्यालय सुर्खेत र पिपल इन निड (पिन) को प्रतिबद्ध तिन परियोजनाको सहकार्यमा आयोजित फोरममा मनसुनजन्य विपद् व्यवस्थापनका विभिन्न पक्षमा छलफल गरिएको थियो। कार्यक्रममा कर्णाली प्रदेशका प्रमुख सचिव वीरेन्द्रकुमार यादवले प्रदेशका ३० स्थानीय तहमा अझै मौसम मापन केन्द्र स्थापना हुन नसकेको उल्लेख गर्दै आवश्यक उपकरण व्यवस्थापनमा प्रदेश सरकारले सहयोग गर्ने बताए। जल तथा मौसम विज्ञान कार्यालय सुर्खेतका प्रमुख डा. इन्दिरा कँडेलले मनसुन सिजन २०८३ को जलवायु आकलन तथा विपद् जोखिम न्यूनीकरणमा विभागको भूमिकाबारे प्रस्तुतीकरण गरे।

पिपल इन निडका कर्णाली प्रदेश संयोजक उज्ज्वल अधिकारीले आगामी मनसुनमा देशभर करिब दुई लाख २६ हजार नागरिक प्रभावित हुन सक्ने अनुमान सार्वजनिक गरे।

उनका अनुसार लुम्बिनी प्रदेशमा सबैभन्दा बढी ५१ हजार छ सय २६ र कर्णाली प्रदेशमा सबैभन्दा कम १३ हजार एक सय ७५ जना प्रभावित हुन सक्ने आकलन गरिएको छ। फोरममा प्रदेश सरकारका सचिवहरू, आपत्कालीन कार्य सञ्चालन केन्द्रका प्रतिनिधि, विकास साझेदार संस्था तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो।

गड्यौला मलतर्फ किसानको आकर्षण बढ्दै

काँक्रेविहार संवाददाता

कञ्चनपुर, २७ जेठ

रासायनिक मलको अत्यधिक प्रयोगले माटोको उर्वराशक्ति घट्न थालेपछि कञ्चनपुरका किसान गड्यौला मलतर्फ आकर्षित हुन थालेका छन्।

माटोको गुणस्तर जोगाउने, उत्पादन वृद्धि गर्ने र अतिरिक्त आम्दानी गर्न सकिने भएकाले किसानहरूको चासो बढेको हो।

शुक्लाफाँटा नगरपालिकाले 'एक वडा, एक उद्यम' कार्यक्रमअन्तर्गत निड्स नेपालको सहकार्यमा २५ जना किसानलाई गड्यौला मल उत्पादनसम्बन्धी तीनदिने तालिम प्रदान



गरेको छ।

तालिममा मल उत्पादन, यसको प्रयोग, व्यावसायिक सम्भावना तथा बजारीकरणबारे जानकारी दिइएको थियो। प्रशिक्षक तथा गड्यौला मल उत्पादक वीरबहादुर हमालका अनुसार गड्यौला मलमा बिरुवाको वृद्धि र उत्पादनका लागि आवश्यक पोषकतत्व प्रशस्त मात्रामा पाइन्छन्। यसले माटोको संरचना सुधार्नुका साथै पानी धारण गर्ने क्षमता बढाउन मद्दत गर्छ।

नगरपालिकाले सामुदायिक गौशालामा गड्यौला मल उत्पादनका लागि २८ वटा पिट निर्माण गरेको छ। स्थानीय स्तरमै प्राङ्गारिक मल उत्पादन विस्तार गर्दै किसानलाई आत्मनिर्भर बनाउने लक्ष्य राखिएको उद्यम शाखा प्रमुख धनबहादुर चौधरीले बताए।

तालिममा सहभागी किसानहरूले गड्यौला मल उत्पादनबाट खेती खर्च घटाउनुका साथै अतिरिक्त आम्दानी गर्न सकिने विश्वास व्यक्त गरेका छन्।

कृषि क्षेत्रमा बढ्दो प्राङ्गारिक उत्पादनको मागसँगै गड्यौला मल उत्पादन राम्रो आम्दानीको माध्यम बन्दै गएको छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२८

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सुबोध राज आचार्य समेत ३ जना** धनी रहेको, **दर्ता नम्बर** ७३२२/०७७/०७८ बाट **वीरेन्द्रनगर-९ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **क्लीन नेपाल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

सूचनामूलक सन्देश

- पूर्वाधार विकास कार्यालय, मुगुले जिल्लामा सञ्चालित सडक, पुल, भवन, खानेपानी, सिंचाइ तथा अन्य विकास निर्माणका योजनाहरू गुणस्तरीय, पारदर्शी र समयमै सम्पन्न गर्न सरोकारवाला सबै पक्षलाई अनुरोध गर्दछ।
- विकास निर्माणका कार्यहरू जनताको आवश्यकता र समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएका विषय भएकाले निर्माण सामग्रीको गुणस्तर, प्राविधिक मापदण्डको पालना तथा निर्धारित समयसीमाभित्र काम सम्पन्न गर्न निर्माण व्यवसायी, उपभोक्ता समिति तथा सम्बन्धित निकायहरूलाई विशेष ध्यान दिन आग्रह गरिन्छ।
- साथै, विकास आयोजनाको कार्यान्वयनका क्रममा देखिएका समस्या, अनियमितता, ढिलासुस्ती वा गुणस्तरसम्बन्धी गुनासो भएमा सम्बन्धित कार्यालयमा जानकारी गराई सहकार्य गर्न अनुरोध गरिन्छ। सार्वजनिक सम्पत्तिको संरक्षण, निर्माणाधीन संरचनाको सुरक्षा तथा वातावरणीय सन्तुलन कायम राख्न स्थानीय नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको कार्यालयको विश्वास छ।
- कार्यालयले सडक तथा पुल निर्माणका क्रममा आवश्यक सावधानी अपनाउन, निर्माणस्थल वरपर आवतजावत गर्दा सुरक्षा नियमहरूको पालना गर्न तथा वर्षायाममा सम्भावित प्राकृतिक विपद्बाट सुरक्षित रहन सबै नागरिकलाई सचेत रहन आग्रह गर्दछ।
- समृद्ध मुगु निर्माणका लागि विकास निर्माण कार्यमा सबै पक्षको साथ, सहयोग र निगरानी अपरिहार्य रहेकोले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्न सम्पूर्ण जिल्लावासीमा हार्दिक अनुरोध गरिन्छ।

पूर्वाधार विकास कार्यालय
मुगु



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)